# माध्यमिक शिक्षा पाठ्यक्रम
# २०७८
## हदीस शरीफ

**कक्षा : ११ र १२** **विषय सङ्केत : (कक्षा ११ ....... कक्षा १२ .....)**

**पाठ्यघण्टा : ५** **कार्यघण्टा : १६०**

## १. परिचय

अन्तिम पैगम्बर हजरत मोहम्मद स. को कथन, महावाणी, कर्म, आदेश, निषेध र तकरीर (सहमति) को सारस्वरूप नै हदिस हो । यसर्थ यसको व्याख्या, विश्लेषण र पालना मुस्लिम धर्मदर्शनको मूल लक्ष्य हो । हदिस शरीफले इस्लाम धर्म तथा दर्शनका माध्यमले नैतिकता तथा आस्थालाई प्रसारप्रसार गरेको छ । यसले विशिष्ट मानव मूल्यमान्यताको ज्ञान, बोध र प्रयोगका साथै अल्लाह र उनका भक्तबिचको सम्बन्धलाई समधुर बनाउने विधि तथा व्यक्तित्व निर्माणका विविध पक्षका बारेमा चर्चा गरेको छ । यसर्थ यस पाठ्यक्रमले नैतिकता तथा आस्थालाई मानव जीवनका मूल्यमान्यताहरूसँग सम्बन्धित गराई आचरण, चरित्र, गुण र स्वभावमा उतार्ने उपयुक्त माध्यमका रूपमा प्रस्तुत गरेको छ । अतः शिक्षाको उद्देश्य प्राज्ञिक सक्षमता मात्र नभई चरित्र विकास, सही प्रवृत्ति र मूल्यहरूको विकास गर्नुका साथै ज्ञानको प्राप्ति र उपयोग, अनुभवहरूको आदानप्रदानलाई सुनिश्चित गर्नु नै हो मूल लक्ष्य प्राप्तिका लागि मद्रसातर्फ राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गदर्शनबमोजिम विद्यालय शिक्षाको माध्यमिक तह (कक्षा ११ र १२) मा यस विषयको पाठ्यक्रम विकास गरिएको हो । यसका साथै यस पाठ्यक्रमले सम्बन्धित विषयमा उच्च शिक्षाको आधारसमेत तयार गर्ने अपेक्षा राखिएको छ ।

हदीस शरीफले मानवीय मूल्यको प्रवर्धन, कर्तव्य र अधिकारको सन्तुलन, व्यक्तिगत, सामाजिक र राष्ट्रिय तहमा शान्ति, भाइचारा र विश्वबन्धुत्वको भावनाको अनुसरण, सामाजिक सहिष्णुताका साथ सामूहिक जीवन पद्धतिको विकास एवम् चरित्र निर्माणका पक्षमा विशेष जोड दिएको छ । यसका लागि मिशिकातुलमसाबीह, रियाजुस्सालेहीन, बोलगुलमराम, तिर्मीजी शरीफ र अल्-अदबुल मुफरदलाई मुख्य विषयवस्तुका रूपमा समेटिएको छ । यसर्थ यस विषयको पाठ्यक्रम विकास गर्दा विभिन्न समयमा सरोकारवाला र विषयविज्ञले पाठ्यक्रम विकास केन्द्रमा दिएका राय सुझाव तथा सरसल्लाहलाई आत्मसात् गर्दै शिक्षा सिद्धान्तअनुरूप व्यवस्थित गरिएको छ । उक्त विषयवस्तु समायोजन गर्दा शिक्षा, मानव अधिकार, पारिवारिक तथा सामाजिक कर्तव्य र दायित्वलगायतका पक्षलाई विशेष रूपमा ध्यान दिँदै पाठ्यक्रमलाई सरल, प्रायोगिक, समयसापेक्ष र स्तरीय बनाउनुपर्ने पक्षलाई पनि विशेष ध्यान दिइएको छ । साथै उल्लिखित तथ्यलाई मनन गर्दै हदीस शरीफ विषयलाई ७५ प्रतिशत बाह्य र २५ प्रतिशत अंश आन्तरिक मूल्याङ्कनमा आधारित हुने गरी सिकाइ सहजीकरण तथा मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गरिएको छ ।

परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनलाई समेटी यो पाठ्यक्रम विकास गरिएको हो । यस क्रममा पाठ्यक्रम विकासको विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा पाठ्यक्रमको स्वरूपलाई समेटी परिचय, विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटी त्यसको क्रियात्मक स्वरूपमा सक्षमता, सिकाइको स्तर र सक्षमताको विशिष्टीकृत विस्तृतीकरण गरी सिकाइ उपलब्धि एवम् अघिल्ला कक्षासँग लम्बीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम, विषयगत विशिष्टपन र

मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया एवम् निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रक्रिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ ।

## २. तहगत सक्षमता

**यस तहको अन्तमा विद्यार्थीहरू निम्नलिखित सक्षमता हासिल गर्न समर्थ हुने छन् :**

१. हदीसको मूल सारको बोध तथा हदीस तथा कुरआनबिचको अन्तरसम्बन्ध अवगत गरी असल चारित्रिक व्यवहार प्रदर्शन

२. शिक्षा, सत्कर्म तथा मानव अधिकारको सम्मानका साथ मानवीय मूल्य मान्यताको प्रवर्धनमा सहयोग

३. नागरिक कर्तव्य र दायित्वको परिपालना तथा अधिकारको विश्लेषण र दैनिक कार्यव्यवहारमा उपयोग

४. हदीसको मूलभूत मूल्यमान्यताको अनुसरण तथा विविधताको सम्मान

५. अनुशासन र सकारात्मक सोचको विकास र खोजमूलक व्यवहार प्रदर्शन

६. इस्लाम धर्म, संस्कृति र परम्पराको बोध तथा यसको संरक्षण र जगेर्नामा सहयोग

७. व्यक्तिगत आस्था, विश्वास, शिक्षाको महत्त्व र आचरण सुधारका लागि चारित्रिक गुण पहिचान र तदनुकूल व्यवहार प्रदर्शन

८. हदीस विज्ञानको आधारभूत पक्ष अनुसरण गरी व्यवहार प्रदर्शन

**कक्षा ११**

**यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित सिपहरूमा सक्षम हुने छन् :**

| **सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धिको विस्तृतीकरण** |
|---|---|
| १. नियतिको शुद्धतासँग सम्बन्धित विषयवस्तु विश्लेषण गरी व्यवहारमा प्रदर्शन गर्न | १.१ कर्म र नियतिको तुलना गरी कर्मद्वारा नियतिमा सुधार गर्न<br>१.२ सराकारात्मक सोचअनुसार दैनिक कार्य व्यवहार गर्न गराउन<br>१.३ सत्कर्म र सत्सङ्गतबाट नियतिको परीक्षण गर्न<br>१.४ मिशिकातुल मसाबीहअनुसार नियतिका बारेमा अन्तरक्रिया गर्न र निष्कर्ष प्रस्तुत गर्न |
| २. आस्थाअनुरूपका आचरणका सूची बनाई प्रस्तुत गर्न | २.१ आस्थाका मान्यता र क्षेत्र पहिचान गरी कक्षामा छलफल गर्न<br>२.२ आस्थाअनुरूपका आचरणका सूची तयार गर्न<br>२.३ आस्थाअनुरूपका आचरणलाई व्यवहारमा उतार्न<br>२.४ किताबुल इमानका आधारमा आस्था र अनास्थाका बिच तुलना गर्न |
| ३. नैतिकतामा मूलभूत पक्षको अनुसरण गरी व्यवहार गर्न | ३.१ नैतिकतामा मूलभूत पक्षको विश्लेषण गर्न<br>३.२ धार्मिक तथा सांस्कृतिक आचरणको पालना गरी नैतिक व्यवहार |

| | |
|---|---|
| | प्रस्तुत गर्ने<br>३.३ प्रायश्चित र धैर्यलाई कार्यव्यवहारमा अनुसरण गर्ने<br>३.४ रियाजुस्सालेहीनले निर्धारण गरेका प्रमुख मान्यताको सूची निर्माण गरी सोअनुसार व्यवहार प्रदर्शन गर्ने |
| ४. असल चारित्रिक सोचलाई आवश्यतानुसार दैनिक व्यवहारमा उपयोग गर्ने | ४.१ सत्यताको खोज गरी त्यससँग सम्बन्धित प्रमुख विषयवस्तुको बोध तथा प्रश्नोत्तर गर्ने<br>४.२ असल तथा खराव संस्कारका बारेमा छलफल गर्ने र निष्कर्ष निकाल्ने<br>४.३ सबैको भलाइका लागि उत्प्रेरणा दिन र सोअनुसार आफ्नो व्यवहार प्रदर्शन गर्ने<br>४.४ रियाजुस्सालेहीनका प्रमुख हदीसअनुसार व्यवहार प्रदर्शन गर्ने |
| ५. मातापिताप्रतिको बर्तव्य बोध गरी पालन गर्ने | ५.१ मातापितासँग गरिने व्यवहारको सूची निर्माण गरी प्रदर्शन गर्ने<br>५.२ मातापिताप्रतिको आफ्नो कर्तव्य र मौजुदा व्यवहारको समीक्षा गर्ने<br>५.३ अलअदबुल मुफरदले बताएअनुसार मातापिताप्रति सद्व्यवहार गर्ने |
| ६. हदीस विज्ञानका विशेषताहरू प्रस्तुत गर्ने र तिनलाई व्यवहारमा उतार्ने | ६.१ हदीसको अर्थ बोध गरी इस्लाममा यसको महत्त्व प्रस्तुत गर्ने<br>६.२ खबर, मोतवातिर खवर, खबरे अहाद, मशहूर र अलअजीजको परिभाषा दिन<br>६.३ खबरको विभाजनका बारेमा अन्तरक्रिया गर्ने<br>६.४ हदीसको पहिलो व्याख्याका बारेमा समूह छलफल गरी निष्कर्ष निकाल्ने |
| ७. सत्व्यवहारका क्षेत्र पहिचान गरी तिनको पालना गर्ने | ७.१ सही हदीस पहिचान गरी त्यसले बताएअनुसार एकआपसमा सम्मानपूर्ण व्यवहार प्रदर्शन गर्ने<br>७.२ सही हदीसको मान्यता अनुसरण गरी सत्कर्म, सत्सङ्गत र सदाचारलाई व्यवहारमा उतार्ने<br>७.३ सही हदीसले बताएअनुसार आफन्तमैत्री आचरणलाई पालना गर्ने<br>७.४ मो. विन अब्दुलाह अलखतिब, अबुजकरिया नवबी, इमाम बुखारी र हाफिज इबने हजरको जीवनीबाट प्रेरणा लिई सही व्यवहार प्रदर्शन गर्ने |

**कक्षा १२**

**यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित सिपहरूमा सक्षम हुने छन् :**

| **सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धिको विस्तृतीकरण** |
|---|---|
| १. हदीस विज्ञानले समावेश गरेका शिक्षासम्बद्ध विषयवस्तुलाई विश्लेषण गरी दैनिक व्यवहारमा उपयोग गर्ने | १.१ बाबुन मुख्तरातुन मिन मिशकातुल मसावीहका मुख्य मुख्य विषयवस्तुलाई विस्तार गर्ने |

| | |
|---|---|
| | १.२ किताबुल अतएमहका विषयवस्तुको व्याख्या गर्न<br>१.३ किताबुल लिबासको विषयवस्तु विश्लेषण गर्न<br>१.४ खानेकुरा, वस्त्र र पहिरनसम्बन्धी आदेश समीक्षा गरी दैनिक कार्यव्यवहारमा उपयोग गर्न |
| २. हदीसले अङ्गीकार गरेका नैतिक पक्षका आधार व्यवहार स्वव्यवहारको मूल्याङ्कन गर्न | २.१ ठुला पापहरू पहिचान गरी तिनका बारेमा चर्चा गर्न र त्यस्ता पाप नगर्न दृढसङ्कल्पित रहन<br>२.२ स्वव्यवहारमा कपटीपनालाई निस्तेज गर्न र अरूलाई पनि त्यस्तो व्यवहार नगर्न उत्प्रेरित र सहयोग गर्न<br>२.३ नैतिकताका लागि हदीसको महिमा व्याख्या गर्न<br>२.४ सिकाइ र स्वव्यवहारको तुलनाका आधारमा स्वव्यवहारको मूल्याङ्कन गर्न |
| ३. सकारात्मक सोचका साथ सत्मर्कका लागि तत्पर रहन र कार्यसम्पादन गर्न | ३.१ ब्रह्माण्डमाथि सोचविचार र संसार वा सृष्टिको महाप्रलयसम्बद्ध प्रमुख विषयवस्तु प्रस्तुत गर्न<br>३.२ भलाइको काममा प्रतिसपर्धा र प्रतिस्पर्धीलाई सहयोग र साहससम्बन्धी विषयवस्तुका बारेमा अन्तरक्रिया गर्न<br>३.३ सत्कर्मप्रतिको दृढतालाई व्यावहारमा उतार्न |
| ४. असल चरित्र निर्माणका लागि संस्कार, उपदेश र सत्कर्मलाई आवश्यतानुसार उपयोग गर्न | ४.१ इस्लाम दर्शनअनुसारका संस्कारसम्बद्ध प्रमुख विषयवस्तु बोध तथा प्रश्नोत्तर गर्न<br>४.२ बाबुन नसिह (उपदेश) सम्बन्धी विषयवस्तुका बारेमा छलफल गर्न र निष्कर्ष निकाल्न<br>४.३ सत्कर्म र कुकर्मसम्बन्धी विषयवस्तुका बारेमा चर्चा गर्न र भिन्नता पहिल्याउन |
| ५. अनाथ तथा छिमेकीप्रति आदर्श व्यवहार प्रस्तुत गर्न | ५.१ छिमेकी तथा अनाथसँग गरिने आदर्श व्यवहारको नमुना प्रस्तुति गर्न<br>५.२ छिमेकी तथा अनाथप्रतिको आफ्नो कर्तव्य र मौजुदा व्यवहारको समीक्षा गर्न<br>५.३ छिमेकी तथा अनाथप्रति गरिने असल कार्यको सूची निर्माण गर्न<br>५.४ अलअदबुल मुफरदको मान्यताअनुसार छिमेकी तथा अनाथप्रति सद्व्यवहारका आधारमा विषयवस्तुको व्याख्या गर्न |
| ६. हदीस शरीफका मूलभूत मान्यतालाई दैनिक कार्यव्यवहारमा उपयोग गर्न | ६.१ उपकारको अर्थ र इस्लाममा यसको महत्त्व प्रस्तुत गर्न<br>६.२ हदिस शरीफको सैधान्तिक पक्षलाई बुँदागत रूपमा बताउन<br>६.३ हदीस शरीफको पालना र यसको उपादेयता पुष्टि गर्न |

## ४. विषयवस्तुको क्षेत्र र क्रम

### माध्यमिक तह, कक्षा ११ र १२

| क्र.स. | विषयक्षेत्र | विषयवस्तुको विस्तृतीकरण | | | |
|---|---|---|---|---|---|
| | | कक्षा ११ | कक्षा १२ | कार्य घण्टा | पूर्णाङ्क |
| १ | मिशिकातुल मसाबीह | (क) हदीस- इन्नमल आमालो बिन्नियात (नियतिको शुद्धता)<br>(ख) किताबुल इमान (आस्था) :<br>(अ) आस्थाको आधारभूत तत्त्वहरू<br>(आ) कर्म र आस्था<br>(इ) आस्थाका प्रतिफलहरू | (क) बिताबुल इल्म : ज्ञानको प्रचारप्रसार र ज्ञानीको महत्त्व र ज्ञान प्राप्त गर्न यात्रा<br>(ख) बाबुन मुख्तरातुन मिन मिशकातुल मसावीह<br>(ग) किताबुल अतएमह (खानेकुरासम्बन्धी आदेशहरू)<br>(घ) किताबुल लिबास (वस्त्र र पहिरन आदेश)<br>(ङ) बाबुल कबायर व अलामातुन्नेफाक (ठुला पापहरू र कपटीपना)<br>(च) किताब फजाएलिल कुरआन (कुरआनको महिमा)<br>(छ) सात मुख्य वञ्चित कार्यहरु (सही हदीस)<br>(ज) सही हदीसअनुसार शारीरिक शुद्धीका दश कार्य | ४० | २५ |
| २ | रियाजुस्सालेहीन | (क) नियतिको शुद्धता<br>(ख) प्रायश्चित<br>(ग) धैर्य<br>(घ) सत्यता<br>(ङ) धार्मिक तथा सांस्कृतिक मान्यता<br>(च) असल तथा खराव संस्कार<br>(छ) भलाइका लागि प्रेरणा | (क) ब्रह्माण्डमाथि सोचविचार र संसार वा सृष्टिको महाप्रलय<br>(ख) भलाइको काममा प्रतिसपर्धा र प्रतिस्पर्धीलाई सहयोग र साहस<br>(ग) सत्कर्मप्रतिको दृढता | ४० | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (घ) संस्कार<br>(ङ) बाबुन नसिह (उपदेश)<br>(च) सत्कर्म र कुकर्म | | |
| ३ | अलअदबुल मुफरद, हदीस विज्ञान, बोलुगुल मराम | (क) मातापितासँग गरिने आदर्श व्यवहार<br>(ख) मातापिताप्रतिको आफ्नो कर्तव्य र मौजुदा व्यवहार<br>(ग) अलअदबुल मुफरदको मान्यताअनुसार मातापिताप्रति सद्व्यवहार<br>(घ) अदब, सत्कर्म, आफन्तमैत्री आचरण, सांसारिक मोह र वैरागीपन<br>(ङ) हदीसको अर्थ र इस्लाममा यसको महत्त्व<br>(च) खबर, मोतवातिर खवर, खबरे अहाद, मशहूर र अलअजीजको परिभाषा<br>(छ) खबरको विभाजन<br>(ज) मो. विन अब्दुलाह अलखतिब, अबुजकरिया नवबी, इमाम बुखारी र हाफिज इबने हजरको जीवनी | (क) तिर्मीजीअनुसार हजरत मोहम्मद स. को स्वरूप (हुलिया)<br>(ख) छिमेकी तथा अनाथसँग गरिने आदर्श व्यवहार<br>(ग) छिमेकी तथा अनाथप्रतिको आफ्नो कर्तव्य र मौजुदा व्यवहार<br>(घ) अलअदबुल मुफरदको मान्यताअनुसार छिमेकी तथा अनाथप्रति सद्व्यवहार<br>(ङ) उपकारको अर्थ र इस्लाममा यसको महत्त्व<br>(ङ) हदिस विज्ञानको सैधान्तिक पक्ष<br>(च) हदीस शरीफको पालना र यसको उपादेयता<br>(छ) खराव आचरणको त्याग र असल आचरणका लागि अल्लअहको जिक्र (याद) र प्रार्थना<br>(च) मकबूल खबर, हसन, सही लेगैरही र हसन लेगैरहीको परिभाषा<br>(छ) मकबूल खबरको विभाजन<br>(ज) हदीसका प्रकार : मोहमक र मख्तलेफुल, नासिख, मन्सुख, मर्दूद, जइफ, मोअल्लक, | ४० | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मुरसर, मोअजल, मुन्तलअ, मोदल्लस, मुरसलखफी, मोअनअन, मौजुअ, मतरुक, मुन्कर, मारुफ, मोअल्ल्ल, मुदरज | | |
| **सैद्धान्तिक जम्मा** | | | | **१२०** | **७५** |
| **प्रयोगात्मक जम्मा** | | | | **४०** | **२५** |
| **कुल जम्मा** | | | | **१६०** | **१००** |

## ५. प्रयोगात्मक तथा परियोजना कार्य

| कक्षा ११ | | कक्षा १२ | |
|---|---|---|---|
| **विषयक्षेत्र** | **कार्यघण्टा** | **विषयक्षेत्र** | **कार्यघण्टा** |
| सामाजिक, संस्कृतिजन्य र प्रविधिजन्य असल संस्कार तथा दुष्प्रभावको पहिचान र सुधारका उपायको खोज (निर्धारित हदीसको छलफल तथा अन्तरक्रियासहितको) सम्बद्ध परियोजना कार्य | १५ | सामाजिक, संस्कृतिजन्य र प्रविधिजन्य असल संस्कार तथा दुष्प्रभावको पहिचान र सुधारका उपायको खोज (निर्धारित हदीसको छलफल तथा अन्तरक्रियासहितको) सम्बद्ध परियोजना कार्य | १५ |
| नैतिकता कायम गर्ने स्थानीय प्रचलनको अभ्यास तथा निरन्तरता | १५ | नैतिकता कायम गर्ने स्थानीय प्रचलनको अभ्यास तथा निरन्तरता | १५ |
| अनुशासन र सकारात्मक चिन्तनको क्षमता विकास र खोजमूलक व्यवहार प्रदर्शनसम्बद्ध मुख्य मुख्य घटना टिपोट तथा कक्षामा प्रस्तुति | १० | अनुशासन र सकारात्मक चिन्तनको क्षमता विकास र खोजमूलक व्यवहार प्रदर्शनसम्बद्ध मुख्य मुख्य घटना टिपोट तथा कक्षामा प्रस्तुति | १० |
| जम्मा | ४० | जम्मा | ४० |

## ६. सिकाइ सहजीकरण प्रक्रिया

हदीस शरीफ विषयले इस्लाम दर्शन, परम्परा, इतिहास, यसको प्रसार र हिफ्जलगायतका विषयक्षेत्रमा अधारित भई समग्र व्यक्तित्व विकास, अनुशासित र सकारात्मक सोचलाई परिपुष्ट गर्नुका साथै सरल जीनवशैली अपनाउन प्रेरित गर्छ । यस विषयको सिकाइ सहजीकरण प्रक्रियामा निर्धारित विषयवस्तुको सन्तुलित रूपमा छनोट र प्रयोग गर्नु सान्दर्भिक हुने देखिन्छ । विशेषतः "गरेर सिक" को सिद्धान्तअनुसार हदीस शरीफ शिक्षा विषयका सिकाइ सहजीकरण क्रियाकलापलाई अर्थपूर्ण, रुचिकर र प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसारको शिक्षण विधिको छनोट र प्रयोग गर्नुपर्छ । शिक्षण विधिको छनोट गर्दा विद्यार्थीको रुचि, क्षमता, स्तर, उमेर आदिलाई ध्यान दिई विद्यार्थीलाई नै सहभागी गराएर विद्यार्थीकेन्द्रित शिक्षण विधि प्रयोग गरी बढीभन्दा बढी ज्ञान र सिप विकास गराउनुपर्दछ । शिक्षकले सहयोगीको भूमिका निर्वाह गरी विद्यार्थीलाई धार्मिक गतिविधि तथा आचरण शिक्षामा केन्द्रित भई परियोजना कार्यका रूपमा मस्जिद, मद्रसा तथा अन्य सान्दर्भिक क्षेत्रको स्थलगत अध्ययन भ्रमण, सामग्री सङ्कलन, अध्ययन तथा विश्लेषण, सिकाइलाई व्यवहारमा प्रदर्शन, सकारात्मक सोच र आचरणको अनुसरण जस्ता पक्षमा जोड दिन आवश्यक हुन्छ ।

सिकाइ सहजीकरणलाई प्रभावकारी र गुणस्तरीय बनाउन उपयोग गर्न सकिने केही सम्भावित नमुना विधिहरू तल दिइएका छन् :

(क) प्रश्नोत्तर विधि (ख) प्रदर्शन विधि (ग) समस्या समाधान विधि

(घ) अवलोकन विधि (ङ) छलफल विधि (च) प्रयोग विधि

(छ) परियोजना विधि

जुनसुकै क्रियाकलाप गराउँदा पनि विद्यार्थीकेन्द्रित हुनु आवश्यक हुन्छ । अध्यापन गर्दा विद्यार्थीहरूको सहभागितालाई प्रोत्साहित गर्नुपर्दछ । विद्यार्थीहरू आफैँलाई कुनै कुनै समस्या समाधान गर्न गाऱ्हो अप्ठ्यारो पर्न सक्छ त्यस्तो अवस्थामा मात्र कमीकमजोरीलाई राम्ररी केलाई अध्यापक वा मौलानाद्वारा सहयोग पुऱ्याई समाधान गरिदिनु उचित हुन्छ ।

## ७. विद्यार्थी मूल्याङ्कन

विद्यार्थीको सिकाइ उपलब्धि सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुवै प्रकारको मूल्याङ्कन गर्नुपर्ने छ । विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि कक्षा शिक्षणकै क्रममा कक्षाकार्य, परियोजना कार्य, प्रस्तुतीकरण, उपलब्धि परीक्षा जस्ता क्रियाकलाप गराई सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान तथा सिप हासिल गराउन आवश्यक छ । यसको प्रभावकारी रूपमा कार्यान्वयन तथा विद्यार्थीको सिकाइस्तर सुधार गर्न सिकाइ सहजीकरण क्रियाकलापको अभिन्न अङ्गका रूपमा निर्माणात्मक मूल्याङ्कनलाई उपयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनको सिकाइ उपलब्धिको निश्चित भारलाई निर्णयात्मक मूल्याङ्कनमा समेत जोडिने छ ।

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गर्न सके सकेनन् भन्ने कुरा पत्ता लगाउने महत्त्वपूर्ण संयन्त्र मूल्याङ्कन हो । विद्यार्थीहरूको मूल्याङ्कन गर्दा सिकाइ उपलब्धिहरूलाई ध्यान दिई सक्षमता र सिकाइ उपलब्धिअनुरूप सिकाइको सबै स्तरलाई समेटेर गर्नुपर्दछ । आन्तरिक र बाह्य मूल्याङ्कनमार्फत यस विषयको मूल्याङ्कन हुने छ । मूल्याङ्कनको कुल भारमध्ये २५ प्रतिशत आन्तरिक र ७५ प्रतिशत बाह्य मूल्याङ्कन हुने छ । यसै गरी बाह्य मूल्याङ्कनअन्तर्गत लिखित परीक्षा सञ्चालन हुने छ । विद्यार्थी मूल्याङ्कनअन्तर्गत निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन दुवै तरिकाबाट नै गरिने छ । यस विषयका पाठ्यक्रममा समावेश गरिएका तहगत सक्षमताहरू, कक्षागत सिकाइ उपलब्धि र तिनका विषयवस्तु, सोसँग सम्बन्धित सिप, सिकाइ सहभागिता र सिकाइसक्रियताका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुपर्दछ ।

### (क) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक विद्यार्थीहरूले गरेका कार्य र उनीहरूमा आएको व्यवहार परिवर्तनको अभिलेख राखी सोका आधारमा अङ्क प्रदान गर्नुपर्दछ । विद्यार्थीहरूले सिके नसिकेको पत्ता लगाई नसिकेको भए कारण पहिचान गरी पुनः सिकाइन्छ भने यस्तो मूल्याङ्कन प्रक्रियालाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । कक्षा ११ र १२ को हदीस शरीफ विषय सिकाइका क्रममा कक्षाकोठामा कक्षागत शिक्षण सिकाइकै अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, सामुदायिक कार्य, सह/अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस क्रममा निर्माणात्मक मूल्याङ्कनअन्तर्गत सञ्चार, भाषिक सामर्थ्य, पठन तथा रचना कौशल र भाषिक कार्यसम्पादनका आधारमा विद्यार्थीका कार्यकलापको निरीक्षण, व्यक्तिगत र सामूहिक छलफल, लिखित परीक्षा, हाजिरीजवाफ, हिज्जे प्रतियोगिता, प्रश्नोत्तर, कक्षाकार्यको परीक्षण, व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन, स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गर्नु सान्दर्भिक हुन्छ । सोका आधारमा नै सिकाइ अवस्था यकिन गरिन्छ र आवश्यकतानुसार उपचारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्छ

। शिक्षकले यस प्रकारको मूल्याङ्कन निरन्तर रूपमा गरी विद्यार्थीहरूमा अपेक्षित सिप र व्यवहार विकासमा जोड दिनुपर्छ ।

हदीस शरीफ विषयमा कक्षा ११ र १२ मा कूल भाषामध्ये २५ भार आन्तरिक मूल्याङ्कन हुने छ । यसको मूल्याङ्कन निम्नानुसार हुने छ :

| क.सं. | क्षेत्र | अङ्कभार |
|---|---|---|
| १. | कक्षा सहभागिता | ३ |
| २. | त्रैमासिक परीक्षाको मूल्याङ्कन | ६ |
| ३. | परियोजना तथा प्रयोगात्मक कार्य, प्रतिवेदन लेखन तथा प्रतिवेदनको प्रस्तुति | १६ |
| जम्मा | | २५ |

**(ख) बाह्य मूल्याङ्कन**

यस विषयमा कक्षा ११ र १२ प्रत्येकमा कुल भारमध्ये ७५ प्रतिशत भार बाह्य मूल्याङ्कन हुने छ । कक्षा ११ र १२ प्रत्येक कक्षामा लागि लिइने परीक्षाका लागि पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गर्नुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान/बोध, समस्या समाधान, समालोचनात्मक, सिर्जनासँग सम्बन्धित प्रश्नहरू सोधिनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरिन्छ । सबै बाह्य परीक्षामा अक्षराङ्कन पद्धतिको प्रयोग गरिने छ ।

## विशिष्टीकरण तालिका, २०७७

हदीस शरीफ शिक्षा

लिखित परीक्षा

कक्षा : ११ र १२ पूर्णाङ्क : ७५

| क्र.सं | क्षेत्र | प्रश्नका प्रकार (अति छोटा, छोटा लामा) | ज्ञान % | | बोध % | | प्रयोग% | | उच्चदक्षता% | | जम्मा प्रश्न | जम्मा अङ्क भार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रश्न सङ्ख्या | अङ्क भार | प्रश्न सङ्ख्या | अङ्क भार | प्रश्न सङ्ख्या | अङ्क भार | प्रश्न सङ्ख्या | अङ्क भार | | |
| 1 | मिशिकातुल मसाबीह | अति छोटा | १ | १ | १ | १ | - | - | - | - | २ | २ |
| | | छोटा | - | - | - | - | ३ | ५ | - | - | ३ | १५ |
| | | लामा | - | - | - | - | - | - | १ | ८ | १ | ८ |
| 2 | रियाजुस्सालेहीन | अति छोटा | १ | १ | १ | १ | - | - | - | - | २ | २ |
| | | छोटा | - | - | - | - | ३ | ५ | - | - | ३ | १५ |
| | | लामा | - | - | - | - | - | - | १ | ८ | १ | ८ |
| ३ | अलअदबुल मुफरद र हदीस विज्ञान | अति छोटा | ३ | १ | ४ | १ | - | - | - | - | ७ | ७ |
| | | छोटा | - | - | - | - | २ | ५ | - | - | १ | ५ |
| | | लामा | - | - | - | - | - | - | १ | ८ | १ | ८ |
| **जम्मा** | | | ५ | | ६ | | ८ | | ३ | | २२ | ७५ |

**द्रष्टव्य :**

१. प्रश्नपत्र निर्माण गर्दा ज्ञान र बोध तहका प्रश्न एउटा समूहमा समायोजन गरी उल्लिखित क्षेत्र र सङ्ख्यामा, प्रयोग तहका तोकिएका क्षेत्रबाट एक एक ओटा र कुनै दुई एकाइबाट एक एक ओटा गरी थप दुई प्रश्न र उच्च दक्षतामा तोकिएका क्षेत्रबाट थप एक प्रश्न सोध्नुपर्नेछ ।